नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७४।०४।०८

## प्रेश विज्ञप्ति

मिति २०७४ साउन ७ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित राष्ट्रिय परिचयपत्रको नमुना देशको नाम नै गलत समाचारप्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

यस मन्त्रालयले सरकारका विभिन्न सरोकारवाला निकायहरुसंग विभिन्न चरणमा गहन छलफल गरी तयार गरेको राष्ट्रिय परिचयपत्रको ढाँचा मन्त्रिपरिषद्बाट मिति २०७४ असार ८ मा स्वीकृत भएको छ र उक्त नमुना परिचयपत्रको सिरानमा पहिलो लहरमा नेपाल सरकार र दोश्रो लहरमा राष्ट्रिय परिचयपत्र (नेपाली र अंग्रेजी दुवै भाषामा) उल्लेख छ । त्यस्तै बाबुको नाम भन्दा पहिले आमाको नाम समावेश छ । हरेक सरकारी कामकाजमा व्यक्तिको ३ पुस्ते विवरण आवश्यक पर्ने कुरालाई समेत मध्यनजर गरी बाजेको नाम समेत समावेश गरिएको छ । मन्त्रिपरिषद्बाट स्वीकृत राष्ट्रिय परिचयपत्रको ढाँचा यसै विज्ञप्तीसाथ संलग्न छ ।

अनाधिकृत नमुना परिचयपत्रबाट भ्रममा नपर्न र अनाधिकृत समाचार संप्रेषण गरेर अन्यौल सिर्जना नगर्न, आधिकारिकता विना नै जिम्मेवार व्यक्तिहरुले प्रश्न उठाउने कुराले राष्ट्र र जनतालाई हित नगर्ने भएकाले सबैमा विनम्रताका साथ सत्यतथ्य बुझ्न अनुरोध छ । साथै वास्तविकता एकिन गरेर एवं मन्त्रिपरिषद्बाट स्वीकृत राष्ट्रिय परिचयपत्रको ढाँचाको अध्ययन गरेर मात्र आफ्नो धारणा बनाउनु हुन सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छौं ।

२०७४/४/८

(दिपक काफ्ले)
प्रवक्ता

नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## राष्ट्रिय परिचयपत्रको नमुना




